महादेवा गाउँपालिकाको आ.व. २०७९।०८० को
वार्षिक बजेट नीति तथा कार्यक्रम
२०७९।०३।२०

प्रमुख अतिथिज्य,
श्री उपाध्यक्षज्यू
श्री गाउँसभा सदस्यज्यूहरु
श्री राजनितिक दलका प्रतिनिधिज्यूहरु
गाउँसभाका सचिव लगायत राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु
संचारकर्मी एंव सभामा उपस्थित महानुभावहरु ।

१. आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित छैंठो गाउँ सभाको बैठकमा उपस्थित गाउँ सभाका सदस्यज्यूहरु राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा महादेवा गाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

२. यो गरिमामय सभामा सर्वप्रथम म नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै ती आन्दोलनहरुमा नेतृत्व गर्नु हुने अग्रज तथा साथ र सहयोग गरि योगदान दिनु हुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु।

३. गत वर्ष देखिनै कोभिड १९ महामारीले सृजना गरेको हाम्रो जीवन कालखण्ड कै चुनौतीपूर्ण परिस्थितीको सामना गर्दै महादेवा गाउँबासी जनताको जीवन सुरक्षाका लागि चालेको विकासको कदम र समृद्धिको यात्रा शुरु गर्ने लक्ष्य लिएका छु र आत्माविश्वासका साथ म आर्थिक वर्ष २०७९।०८० को बार्षिक बजेट तथा नीति कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

४. गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत उद्यमशिलताको तालीम प्रदान गरि बिपन्न १०० जना नयाँ लघु उद्यमीहरु सिर्जना गर्ने लक्ष्य रहेकोमा चालु आ.व. मा मात्रै १०० जना लघु उद्यमी सिर्जना गरिएको छ ।

५. पालिकाका सहकारीहरुको नियमन तथा अनुगमन गरी उत्कृष्ट देखिएको सहकारीलाई अनुदानबाट प्राप्त मल तथा कृषि सामग्री बिक्री वितरण गर्ने अनुमति प्रदान गरिएको छ ।

६. यस गाउँपालिकाको प्रत्यक्ष पहलमा अपाङ्गता रोकथाम तथा पुनरस्थापना कार्यक्रम अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच सुनिश्चित गर्नका लागि बथनाहा स्वास्थ्य चौकीमा रहेको बर्थिङ्ग सेन्टरमा व्यवस्था गरिएको छ भने अपांङ्गता भएका बच्चा नजन्मियोस भन्ने उद्देश्यका साथ गर्भवती महिला तथा बच्चा पाउने इच्छा भएका दम्पतीलाई फोलिक एसिड खुवाउने कार्य, छ वटै वडामा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण शिविर सञ्चालन, शिविरबाट सिफारीश भएका व्यक्तिलाई सहायक सामग्री प्रदान र स्वास्थ्य उपचार आवश्यक रहेको बालबालिकालाई उपचार सहयोग उपलब्ध गराउने कार्यक्रम संचालन गरिएको पाईयो साथै महादेवा गा.पा. वडा नं. २ निवासी श्री चनर देव खंग खत्वेज्यू जो वर्तमान कार्यपालिका सदस्य हुनु हुन्छ,

एउटा खुट्टा काटिएको अपाङ्ग हुनहुन्छ उहाँलाई गा.पा.को कोषबाट कृत्रिम खुट्टा बनाइएको लगायत शारिरक रुपले अपाङ्गता भएका व्यक्तिहरुलाई पहिचान गरि उनिहरुलाई परिचयपत्र समेत वितरण गरिएको छ ।

७. चालु आ.व.मा पुरानो बेरुजु फर्छ्यौट कार्यमा उल्लेखनीय प्रगति भएको छ । बाँकी बेरुजु पनि फछ्यौंट गरी गाउँपालिकालाई बेरुजु शुन्य बनाउन तर्फ प्रयत्न भइरहेको छ ।

८. गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना निर्माण कार्य यथासिघ्र निर्माण गरिनेछ ।

९. गाउँपालिकका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास योजना निर्माण गर्न गाउँपालिकाले विभिन्न कार्यक्रमहरु संचालन गरेको छ ।

१०. संगठन संरचना पुनरावलोकन (ओ एन्ड एम सर्भे)गरी कार्यान्वयनको चरणमा रहेको छ ।

११. यसै साल पुरानो खातामा अभिलेखिकरण गरिएका दुई हजार पाँच सय बासठी जना घटना दर्ताको अभिलेखलाई कम्प्युटिकृत (Digitations) गरी सकिएको छ ।

१२. चालु आ.व.मा कृषि विकास शाखाबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण(पकेट)कार्यक्रम संचालन गरिएको छ।

आदरणीय महानुभावहरु,

संसारमा अवस्थित विभिन्न शिवलिङ्गहरुको इतिहास अनुसार कहि उत्खनन्, निर्माण, तथा स्थापना भएका शिवलिङ्गहरु छन् ती मध्ये भित्र खाले आफै माटोबाट निसकेको (उम्रेको) दन्तकथा अनुसार अंकुरी महादेव नाम रहन गई ख्यति रुपमा भक्तजनहरुद्धारा भब्य पुजाआजा भई रहेको साथै श्रद्धाका केन्द्र विन्दु भएकोले अंकुरी महादेवको नामबाट महदेवा गा.वि.स.को नामाकरण रहयो तथा संघिय लोकतान्त्रीक गणतन्त्रको तेश्रो सरकारको अंङ्गको रुपमा संचालनमा रहेको स्थानीय सरकारको नाम महादेवा गा.पा.को नामबाट संचालन रहेको भनि अवगत गराउन चाहन्छौ ।

पुनःश्च धार्मिक आस्थाका केन्द्र विन्दुका रुपमा अवस्थित रहेका अंकुरी महादेव मन्दिरको संरक्षण सम्बर्द्धन तथा विकाससँगै विगतका ५ बटा गा.वि.स. महदेवा, पकरी, बथनाहा, भगवतपुर र डाढा रहेको जस मध्ये बथनाहा गा.वि.स.को साविक वडा नं. १,२,३ लाई हाल बथनाहा ३ नं., वडा नं. ४, ५, ६, ७, ८, ९ लाई हाल ढिकुली ६ नं. वडा निर्माण गरिएको र हाल पकरी १ नं. महदेवा नं. २, बथनाहा ३ नं., डाढा ४ नं. , भगवतपुर ५ नं. र ढिकुली ६ नं. वडाहरुद्धारा शुसोभित साथ महादेवा गा.पा. बथनाहा, सप्तरी संचालनमा रहेको अवगत गराउदै यस महादेवा गा.पा. क्षेत्र भित्र पश्चिममा खाडो खोला, बीचमा जिता नदि लगायतका नदिहरु छन भने ९५% जग्गा कृषि योग्य जमीन रहेकोमा चन्द्रनहरको संजाल फराकिलो रहेको भएता पनि विगत लगभग ३० बर्ष देखि उक्त नहरमा खेतीको समयमा पानी नआएको कारण स्यालो ट्युववेल तथा आकाशे पानीको भरमा यस क्षेत्रका कृषकहरु धान, गेहु, मकै आदि अन्नपात उब्जाउने पशुपालन गर्ने गरी जीवन यापन गरेको पाइन्छ यस गा.पा.का धार्मिकता कृषि प्रधानता सांस्कृतिता तथा विभिन्न मौलिकता बोकेका जनताहरु कृषिमा अधारित छन ।

राजश्व परिचालन एवं श्रोत अभिवृद्धिः

१. राजश्व असुली कार्यलाई पारदर्शी सरल र सूचनामैत्री बनाउन गाउँपालिकाका छ वटै वडामा कम्प्यूटर सफ्टवेयर जडान गरिएको छ । दक्ष कम्प्युटर अप्रेटरद्धारा अनलाइन व्यक्तिगत घटना दर्ता र राजश्व असुली जस्ता कार्य प्रभावकारी रुपमा संचालन भई रहेको छ।

२. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापारी व्यवसायीहरुको प्रतिनिधि मुलक संस्था स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ ।

३. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै नियमानुसार यस गाउँपालिकामा उपभोक्ता संस्था दर्ता गरी मात्र योजना संचालन गर्न पाइनेछ । साथै समितिका पदाधिकारीहरुलाई आफुले बुझाउनु पर्ने व्यवसाय कर, बहाल कर चुक्ता गर्न अनिवार्य गरिनेछ र योजनाबाट लाभान्वित उपभोक्ताहरुलाई पनि आफूले तिर्न बाँकी कर चुक्ता गर्न प्रोत्साहन गरिनेछ ।

४. यस गाउँपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने सार्वजनिक पोखरी, भवन, जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ ।यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्पर्धात्मक पद्धतीको प्रकृयालाई अवलम्बन गरिनेछ ।

५. विशेष परिस्थितिमा उल्लेखित कर, शुल्क, दस्तुर साथै निर्माण कार्य संग सम्बन्धित दर रेट आदिका दरहरु कार्यन्वयनमा समस्या आएमा अगामी गाउँ सभाबाट अनुमोदन गराउने गरी गाउँ कार्यापालिकाबाट कर शुल्क, दस्तुर आदिका दर रेट आवश्यकता अनुसार निर्माण वा हेरफेर गर्न सकिनेछ ।

६. वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई गाँउपालिकाले आयोजना गरिने कुनै सार्वजनिक समारोहमा विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाका कार्यहरुलाई राजश्व चुक्ता प्रणालीसँग आवद्ध गरिनेछ ।

८. कर संकलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्यभन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।

९. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर, शुल्क, दस्तुरको दर रेट नबढाइ सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने छ ।

१०. कर दाताको सहभागीतालाई राजश्व अभिवृद्धि गरि कुल बजेटको अंशमा आन्तरिक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

११. यस गा.पा.क्षेत्र भित्र संचालनमा रहेका गुद्री हटिया मिलन चौक वडा नं. १, प्रसाही हटिया वडा नं. ४, शिव चौक वडा नं. ४, शहिद चौक हटिया वडा नं. ४, हुरियाहा हटिया वडा नं. ३, डिस्को हटिया वडा नं. ३, भगवतपुर हटिया वडा नं. ५, लोहापूल हटिया वडा नं. ६ लगायत यस नपरेका हटिया समेत सम्पूर्ण हटियालाई ठेक्का लगाई राजश्व संकलनको दायरामा ल्याइनेछ ।

आर्थिक विकास:

१. कृषिको उत्पादन बढाई कृषकका जीवनस्तर बढाउन गाउँपालिकास्तरीय कृषि नीति, भू-उपयोग नीति र सहकारी सम्बन्धि नीति निर्माण गरी कार्यन्वयन गरिनेछ ।

२. माटोको उर्वरशक्तिलाई जोगाई राख्न रासायनीक मल तथा विषादिको प्रयोगलाई निरुत्साहीत गरी आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

३. महादेवा गाउँपालिका वडाहरुमा एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा प्राविधिक सम्भाव्यता अध्ययन गरि तरकारी तथा फलफुलको उत्पादन शुरुवात गरिनेछ ।

४. विषाधि न्यूनिकरण गर्न कृषकको सचेतनाका लागि गाउँपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला संचालन गरिनेछ ।

५. व्यावसायिक रुपमा भैंसी पालक किसान रहेको क्षेत्रलाई भैंसी जोनको रुपमा विकास गर्ने नीति लिएको छ । भैंसी जोन विकासका लागि विशेष प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।

६. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिइनेछ ।

७. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ ।

८. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यवस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालीको विकास गरिनेछ ।

९. स्वस्थ्य, स्वच्छ मासुको बिक्रि वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

१०. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहित गरिनेछ ।

११. स्थानीय श्रोत साधन एवं जनशक्ति परिचालन गरि स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१२. कालोबजारी नियन्त्रण गर्न उद्योग वाणिज्य संघ, वडा कार्यालय, टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्डबनाई दण्डित गर्ने निती लिईनेछ। साथै यस कार्यका लागि आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालयसँग सहकार्य गरिनेछ ।

१३. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, पुरातात्विक स्थल तथा पर्यटन क्षेत्रहरुको संरक्षण सम्बर्द्धन गरि त्यसको प्रचार प्रसार गर्दै त्यसबाट आय आर्जन र रोजगारी श्रृजना गर्ने नीति लिईनेछ ।

१४. युवा स्वरोजगार, लघुवित, सामुहिक कर्जा, शैक्षिक कर्जा र वैदेशिक कर्जा क्षेत्रमा वित्तीय क्षेत्रलाई लगानी गर्न अनुकुल बातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

१५. वित्तीय संघ संस्थासँग समन्वय गरी सामाजिक उत्तरदायित्व अन्तर्गत तोकिएको क्षेत्रमा सहुलियत ब्याजमा लगानी गर्न प्रेरित गरिनेछ ।

१६. अनुत्पादक खर्चको कटौती र उत्पादक क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ ।

१७. गाउँपालिकामा औद्यौगिक मैत्री बातावरण श्रृजना गरी रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

१८. कृषि तथा पशुपंक्षीपालनमा देखिएको बढदो महिला सहभागितालाई प्रोत्साहन गर्दै उहाँहरुको सशक्तिकरणका लागि आवश्यक तालिम तथा साना व्यवसायिक महिलामुखि कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१९. परम्परागत पेशा अवलम्बन गर्ने लोपोन्मुख, सिमान्तकृत, अति सिमान्तकृत जाती समुदायहरुले उत्पादन गरेको सामाग्रीहरुलाई उचित मूल्यमा बिक्री वितरणको व्यवस्थापन मिलाइनेछ ।

२०. यस गाउँपालिका क्षेत्र भित्रका ९५ प्रतिशत भन्दा बढी कृषि योग्य जग्गालाई स्थायी रुपले सिँचाई सेवा पुर्याउन संघीय सरकार सशर्त अनुदान (पूँजीगत खर्च) सम्पूरक कोष वापत प्राप्त रु. १,५०,००,०००।०० अक्षरेपी रु एक करोड पचास लाख मात्र र गाउँपालिकालाई प्राप्त संघीय सरकार समानिकरण अनुदान वापत प्राप्त रकम मध्येबाट रु १,५०,००,०००।०० अक्षेपी रु एक करोड पचास लाख मात्र गरी जम्मा रु ३,००,००,०००।०० जम्मा रु तीन करोडको यस महादेवा गाउँपालिका क्षेत्र भित्रका किसान दाजु भाईका लागि सिँचाईका लागि विद्युतीकरण कार्यक्रम संचालन गरिनेछ ।

पूर्वाधार र भौतिक विकासः

१. यस महादेवा गाउँपालिकाको कार्यालय ६ नं. वडा कार्यालयको भवनबाट संचालन भई रहेको र सो भवनबाट कार्यालयको सम्पूर्ण शाखाहरुको व्यवस्थापन हुन नसकि रहेको अवस्थामा नयाँ स्थानमा नियमानुसार प्रशासकीय भवन निर्माण गर्नु पर्ने देखिन्छ । त्यस सन्दर्भमा यस महादेवा गाउँपालिकाको वडा नं. ५ स्थित साविकमा रहेको चन्द्र नहरको अधीनस्थ लगभग ०-११-०० कठ्ठा क्षेत्रफलको जग्गा र त्यसमा रहेका जीर्ण भवन गाउँपालिका क्षेत्रको बीच पर्ने भएकोले सम्पूर्ण वडाहरुका जनताहरुलाई पायक पर्ने हुनाले जग्गा प्राप्ती ऐन २०३४ अनुसार अधिग्रहण गरी उक्त जग्गामा प्रशासकीय भवन निर्माण गरिने प्रकृया अगाडी बढाइनेछ ।

२. विकासको सबै क्षेत्रको ढोका भौतिक विकासको पुर्वाधारबाटै खोलिने हुदाँ आगामी आ.व.को मूल नारा नै "सबैको साथ सबैको विकास, महादेवा गाउँपालिकाको समृद्धिको आधार" राखि भौतिक पुर्वाधारको विकासमा विशेष जोड दिने नीति लिईनेछ ।

३. "हाम्रो सडक हाम्रो सहभागीता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता"भन्ने नारालाई आत्मसात गर्दै गाउँका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा तथा ग्राभेल सडकलाई पक्की सडकमा स्तरोन्नति गर्दै लगिनेछ ।

४. आवधिक गाउँ विकास योजना, भु-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, सडक मापदण्ड, भवन निर्माण मापदण्ड शिघ्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

५. उपभोक्ता, संघ, संस्था र समुदायको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रको मुख्य मुख्य सडकहरु कालोपत्र गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. "सबै खुसी, सबै उज्यालो" कार्यक्रम सहितको अभियानलाई निरन्तरता दिदै बिधुत सुविधा उपलब्ध नभएका बस्ति तथा गाउँका चौकगल्लीहरुमा प्राथामिकता साथ सडक विधुतिकरण गर्ने नीति लिईनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सडक बाटोहरुलाई कम्तीमा २० फिट चौडाईको बाटो बनाइने नीति लिईनेछ ।

८. संभव भए सम्म "एक वडा एक गौरव योजना"कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तीमा २० लाख लागतको एउटा योजना पहिचान गरी कार्यान्वयन गर्ने निति लिईनेछ।

९. "एक वडा एक खेल मैदान"को अवधारणालाई आत्मसात गर्दै यस गाउँपालिकाको वडा नं. १ बल्थीमा रहेको सार्वजनिक जग्गालाई छुट्याई मापदण्ड अनुरुप खेल मैदान बनाइने छ र मापदण्ड अनुरुप खेल मैदानबाट बचेको जग्गालाई सामुदायिक बनमा परिणत गरिने छ ।

१०. अव्यवस्थित हाटबजारलाई व्यवस्थित ढंगबाट संचालन गर्न आवश्यक भौतिक पूर्वाधारको व्यबस्थापन गरिनेछ ।

११. पुर्वाधार बिकासका लागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथमिकतासाथ कार्यान्वयनमा जोड दिईनेछ । गाउँपालिका क्षेत्रमा उपभोक्ता मार्फत संचालन हुन आयोजनामा भवन र कंक्रिटको काममा १० प्रतिशत, माटोग्राभेलको काममा १५ प्रतिशत र माटोको काममा २० प्रतिशत उपभोक्ताको तर्फबाट लागत सहभागिता जुटाउने नीति लिईएको छ ।

१२. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ। सोहि अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान, जस्ता सूचकका आधारमा वडास्तरीय स्रोतसाधनको बाडँफाड गर्ने नीति अवलम्बन गरिएको छ ।

१३. गाउँपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री र वातावरण मैत्री गर्ने नीति कायम रहनेछ ।

१४. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाईनेछ ।

१५. गाउँको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्युनिकरण एवं समावेशी विकासबाट समाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।

१६. गाउँपालिकामा गरिने सार्वजनिक निर्माण कार्यहरुमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति लिईनेछ । सार्वजनिक निर्माण कार्यहरु गुणस्तर भए नभएको अनुगमन गर्न पालिकाका अध्यक्षको संयोजकत्वमा माथिल्लोस्तरको अनुगमन समिति रहनेछ ।

१७. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डको परिधी भित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीति लिईनेछ ।

१८. भवन निर्माणमा एक घर दुई रुखको नीति अवलम्ब गरिनेछ । भवन निर्माण सम्पन्न प्रमाणपत्रको लागि उक्त घरको परिसरमा रुख बिरुवा रहेको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

१९. पालिका क्षेत्रमा रहेका सडकहरुको नामाकरण गरि लम्बाई, सडकको शुरु र अन्तिम बिन्दुको नामाकंन समेत उल्लेख गरि प्रवेश बिन्दुमा होर्डिङ्ग बोर्ड राखिनेछ ।

२०. ठूला भौतिक विकासका कार्य गर्न प्रदेश सरकार, संघीय सरकार लगायत अन्य साझेदारसँग समन्वयं गर्न प्राथमिकता दिईनेछ ।

२१. यस गा.पा.का ३ नं. वडा र १ नं. वडाको मिलन चौक जोडने बाटो लाई स्तरोन्नती गर्न र सो बीचमा पर्ने जीता नदिमा पक्की पूल निर्माण गर्न DPR तयार गर्ने कार्य गरिने छ ।

वातावरण तथा विपद व्यवस्थापनः

१. यस गौंउपालिकामा विपद व्यवस्थापनका लागि स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ ।कोषको संचालन र व्यवस्थापनका लागि कार्यविधि निर्देशिका बनाई लागु गरिनेछ ।

२. गाउँपालिकामा रहेको स्थानीय विपद व्यवस्थापन समितिलाई तालिम प्रदान गरि विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखीम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरिनेछ । भविष्यमा विपद न्युनिकरणको लागि पूर्वसूचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

३. गाउँपालिकालाई वातावरण मैत्री हरित गाउँको रुपमा विकास गर्न गा.पा. क्षेत्रभित्रका सार्वजनिक जग्गा पहिचान गरी बृक्षारोपन तथा सामुदायिक वनको स्थापना गरी हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

४. विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पूर्वतयारीको व्यवस्था मिलाईनेछ ।

महादेवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बनराहा, सप्तरी
२०७३

५. यस गाउपालिका क्षेत्र भित्रका गरीब, विपन्न, ७० बर्ष माथी उमेर भएका असहाय व्यक्तिहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने प्रतिबद्धता गर्दछु । अन्यको हकमा न्यूनतम शुल्क लिई भरपर्दो एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

६. अग्नी नियन्त्रण तथा बिपद व्यवस्थापनका लागि प्रदेश सरकारका पर्यटन तथा उद्योग मंत्रालयसंग समन्वय गरी बारुण यन्त्रको व्यवस्थाको लागि विषेश पहल गरिनेछ ।

७. भुकम्प लगायत अन्य प्रकोप जस्ता प्राकृतिक विपतीको अवस्थाका लागि "एक टोल एक खुल्ला क्षेत्र" को अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरि खुल्ला क्षेत्र तोकिनेछ र त्यस्तो क्षेत्रमा कुनै किसिमको निर्माण कार्य गर्न रोक लगाईनेछ ।

८. पालिकाका ६ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्वन्धी नागरिक सचेतना कार्यक्रम संचालन र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरि सक्रिय तुल्याईनेछ । गाउँपालिका क्षेत्रमा संकलन गरिएको फोहोर व्यवस्थापनका लागि एक डम्पिङ साइडको व्यवस्था मिलाइने छ । साथै फोहोर मैला सरसफाई व्यवस्थापनका लागि चाहिने यान्त्रिक उपकरणहरु व्यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग अनुदानका लागि अनुरोध गर्ने निर्णय लिएको छ ।

९. सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरि जरिवाना गरिनेछ ।

१०. फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक नीजि साझेदारी ($p^3$) को अवधारणा अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ ।

११. महादेवा गाउँपालिका खुल्ला दिसा मुक्त घोषित क्षेत्र भएर पनि सरसफाईको कार्यमा पछाडि नै देखिएकाले यस बर्ष पुर्ण सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

१२. बजार तथा पर्यटक आवगमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। मूख्य पर्यटकीय समयमा घुम्ती शौचालय संचालनको व्यवस्था मिलाइनेछ ।

१३. गाउँमा ठुला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गरिनेछ।

१४. हरित गाउँपालिका निर्माण गर्न वातावरण शिक्षा, वातावरण संग सम्बन्धीत संदेशमुलक सामग्री उत्पादन, प्रचारप्रसार वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविद्धिको प्रयोग गर्न प्रोत्साहन गर्न नीतिलिईनेछ ।

१५. घरपालुवा जनावर तथा पशुपंक्षीलाई जथाभावी सडकमा छाड्न रोक लगाईनेछ ।

१६. स्थानीय संघ संस्था क्लबहरु संग सहकार्य गरि हरेक वडामा सम्भव भए सम्म शारिरीक व्यायाम खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण र संचालन गर्ने नीति लिईनेछ ।

१७. वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड प्रतिकुल हुने प्लाष्टिकको झोला प्रयोगमा नल्याउन जनचेतना जगाउने तथा प्लाष्टिक मुक्त बनाउने नीति लिइनेछ ।

१८. वातावरणमैत्री स्थानीय शासनको अवधारणाका सूचकहरुलाई कार्यान्वयन गर्दै गाउँलाई वातावरणमैत्री गाउँ बनाउने नीति लिईनेछ ।

१९. जलवायु अनुकुल सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२०. महादेवा गाउँपालिकालाई ग्रीन एण्ड क्लीन गाउँको रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारामा बृक्षारोपण गर्ने र एक घर दुई बिरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरि प्रदुषण मुक्त गाँउ बनाउने नीति लिईनेछ ।

२१. बन बिउ नर्सरी, बगैचा, नीजि पार्क उद्धान तथा व्यवसायिक बन स्थापना गर्ने लाई प्रोत्साहित गरिनेछ ।

२२. ऐलानी, पर्ति, सार्वजनिक जग्गा, सार्वजनिक पोखरी, नेपाल सरकारको सवामित्व रहेका भवन, मठ मन्दिर, मस्जिद पौवापाटि साथै धार्मिक तथा संस्कृतिक महत्व बोकेका स्थानहरुलाई संमरक्षण सम्बर्धन गर्न गा.पा. अध्यक्षको संयोजकत्वमा ऐलानी, पर्ति, सार्वजनिक जग्गा, सार्वजनिक पोखरी, नेपाल सरकारको सवामित्व रहेका भवन संरक्षण समबर्धन समिति गठन गरी गा.पा. क्षेत्र भित्र रहेका सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक जग्गा, सार्वजनिक पोखरी, नेपाल सरकारको सवामित्व रहेका भवनको तथ्याङ्क संकलन गरि आवश्यक व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

२३. यस महादेवा गाउँपालिकालाई आर्थिक रुपले आत्म निर्भर बनाई समृद्धि तर्फ अग्रसर गराउन वडा नं. २ को जीता नदीको मैनाझाटीमा लघु जलविद्युत आयोजना संचालन गर्ने निर्णय लिएको छु । साथै उक्त कार्य गर्न बृहत आयोजना लागत प्रतिवेदन तयार हुने क्रममा रहेको छ ।

२४. बातावरणमा प्रतिकूल असर पर्ने गरी काम गर्ने संघ, संस्था, उद्योग, कलकारखाना, मेशिन उपकरण प्रयोग गर्न रोक लगाईने छ ।

वितिय व्यवस्थापन सम्बन्धीः

१. गाउँपालिकामा रहेका मर्मत सम्भारकोष, विपत व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरि लक्षीत वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ

२. राजश्व संकलन लगायतका कार्यहरुहरु कम्प्यूटरको माध्यमबाट संचालन गरि सूचनाप्रविधिमैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकासको लागि तालिमको व्यवस्था मिलाईनेछ।

३. महादेवा गाउँपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरि कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ ।

४. गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तरचिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरिनेछ र स्वदेशी उत्पादनलाई प्राथमिकता दिनेछ ।

५. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ ।

६. गाउँपालिका कार्यलयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययिता र छरितो बनाईनेछ ।

७. कार्यालयको तर्फबाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययि र प्रभावकारी बनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ ।

८. यस गाउँपालिकामा भ्रष्टाचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ ।

९. गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको टेण्डर (Tender) लाई अझै प्रभावकारीरुपमा प्रयोग गरिनेछ ।

१०.कार्यालयबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खरिद एवं वित्तिय क्रियाकलापसंग सम्बन्धित समिति तथा कार्यदल गठन गर्दा संम्भव भए सम्म पदाधिकारी तथा कर्मचारीहरु दोहोरो नपर्ने गरि राखिनेछ ।

सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धनः

१. महिनामा एक पटक 'जनता सँग अध्यक्ष'कार्यक्रम आगामी आ.व.मा पनि कायमै राखिएको छ ।यो कार्यक्रम ६ वटै वडामा र आवश्कता अनुसार प्रत्येक टोलमा पनि जनताले आफ्नो पिर मर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा संचालन गरिनेछ ।

२. वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँच बृद्धि गरि सेवा प्रबाहलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।

३. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरि समाजिक परिक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण गरिनेछ ।

४. गाउँपालिकाको अधिकारीक वेवसाईटलाई नियमित अपडेट गरि नागरीकलाई प्रबाहगर्ने सेवालाई सूचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।

५. सुचनामा पहुँच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधिसंग सम्बन्धित तालिम कार्यक्रम संचालन गरिनेछ ।

६. गाउँपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरि संचालन गरिनेछ ।

७. गाउँपालिकाको संस्थागत विकास तथा सुशासन जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्तानुसार नियम विनियम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

८. सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless Office कार्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

९. गाउँपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी ईलेक्ट्रोनिक प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।

१०. सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा नागरिक वडापत्र तयार गरी एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ ।

११. सरकारको अवधारणा अनुसार गाउँवासीका अधिकतम सेवा वडा कार्यालय बाटै उपलब्ध हुने व्यवस्था मिलाईएको छ । सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याईनेछ ।

१२. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

१३. स्थानीयतहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१४. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्रीबनाईनेछ ।

१५. जिल्ला स्थित कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्धताका लागि एक उपयुक्त संयन्त्रको निर्माण गरीनेछ। कर्मचारी र जनप्रतिनिधि बिच हार्दिकतापुर्ण र सौहार्दपुर्ण कामकाजी वातावरण निर्माण गर्न महिनामा एक पटक **"हामी सबै हामी सगै"** अनुभव आदन प्रदानको कार्यक्रम नियमित रुपमा आयोजना गरिनेछ ।

१६. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ

१७. आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ ।

१८. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राहि प्रति सम्मानपुर्ण व्यवहार गर्न अभिप्रेरित गरिनेछ।

१९. आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाबाट सम्पादित गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

सामाजिक विकास सम्बन्धीः

१. महादेवा गाउँपालिकालाई भविष्यमा मानवताको गाउँ (Village with Humanity) बनाउनका लागि पुर्ण सरसफाई युक्त, छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घर भित्रको धुवामुक्त, बाल बिबाह मुक्त, दहेज मुक्त जस्ता कार्यक्रमहरुलाई अभियानका रुपमा संचालन गरिनेछ ।

२.महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३. एकल तथा दलित महिलाहरुका हित प्रवर्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

४. महिला बालबालिका तथा अन्य लक्षीत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

५. सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्धविश्वास एवंम् भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।

६. गाउँ क्षेत्रमा निर्माण पुर्वाधार महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति लिईनेछ

७. महादेवा गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालय, समुदाय, वडा र गाउँस्तरमा वालक्लब र बालसंजाल गठन गरि बाल सहभागितामा अभिवृद्धि गरिनेछ

८. महादेवा गाउँपालिकालाई वालमैत्री गाउँ घोषणाको अवस्थामा पुर्याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

९. नवजात शिशु, बालबालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१०. शिशु जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन आउदा शिशु पोषण खर्च बापत रु.१०००। वडातहबाटै उपलब्ध गराउने व्यबस्था मिलाइनेछ ।

११. बैंक मार्फत वितरण भई रहेको सामाजिक सुरक्षा भता सरल र सुबिधाजनक रुपमा उपलब्ध गराउन ध्यान दिईनेछ ।

१२. समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ ।ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ ।

१३. ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन "ज्येष्ठ नागरिकका लागि एक वडा एक मिलन केन्द्र"संचालन गरिनेछ । त्यसका लागि सबै वडामा जेष्ठ नागरिकहरुलाई संगठन गरि जेष्ठ नागरिक संजाल निर्माण गरिनेछ ।

१४. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

१५. अपाङ्गताको प्रकृति अनुसारका सहयोगी सामानहरु बितरण गर्न रकम विनियोजन गरिएको छ ।

१६. गाउँपालिकालाई सबै किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरिनेछ ।

१७. छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तह सम्म अन्तरघुलन लगायतका कार्यक्रम संचालन गरिनेछ । जातीय भेदभाव , छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाईनेछ ।

१८. यौनिक लैंगिक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आयआर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१९. युवा वर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यवसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२०. युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

२१. अगामी आ.व.मा खेलकुदको लागि विकासको लागि संघ संस्थाहरुको साझेदारीमा गा.पा.अध्यक्षकप खेलकुदको आयोजना गरिनेछ।

२२. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान भई सकेकोले अपुग शिक्षक पालिकाबाट व्यवस्था गरिनेछ ।दरबन्दी अनुसारको शिक्षक व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ । साथै शिक्षक आपुर्ति नभए सम्मका लागि अपुग भएका विद्यालयमा गाँउपालिकाबाट उपलब्ध गराएका शिक्षकहरुलाई स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको छ ।

२३. अनुभवको आदान प्रदान तथा क्षमता विकासका लागि आवश्यकता अनुसार शिक्षकहरुको गाउँपालिका क्षेत्रभित्र आन्तरिक सरुवा गरिनेछ ।

२४. विद्ययालय जाने उमेर समूहका गाउँका सम्पुर्ण बालबालिकालाई "विद्यालय भर्ना गराउ रटिकाउ"अभियान संचालन गरि गाउँबाट पुर्ण रुपमा निरक्षरता उन्मुलन गरिनेछ । विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयनपठाउने अभिभावकलाई गाउँपालिकाको सुविधाबाट बञ्चित गरिने नीति लिएको छु ।

२५. दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयले अनिवार्य रुपमा बच्चालाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ । खाजा नखुवाउने विद्यालयको दिवा खाजा अनुदान निकाशा रोक्का गरिनेछ ।

२६. सामुदायिक विद्यालयलाई गरिने पुर्वाधार सहयोगमा अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिईनेछ ।

२७. गाउँपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्न अनिवार्य गरिनेछ । गैरसरकारी संघ संस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ ।

२८. स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवर्द्धनमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

२९. गाउँको शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिका विकासमा विशिष्ट योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।

३०. सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनिकरण कार्यक्रमलाई मुल प्रवाहीकरण गरिनेछ ।

३१. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुँच कायम गर्न अधुरो खानेपानी योजनाहरुलाई सम्पन्न गरि उपयोगमा ल्याईनेछ ।

जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धीः

१. महादेवा गाउँपालिकालाई स्वास्थ्य सेवामैत्री केन्द्रको रुपमा विकास गर्न यस क्षेत्रमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ । निःशुल्क आधारभुत स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुर्याईनेछ ।

२. महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

३. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गराउने र कालोबजारी नियन्त्रणनियमित बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिदै आवश्यक मापदण्ड बनाई स्वच्छ खाद्यान्न किन्न पाउने उपभोक्ताको अधिकार सुनिश्चत गरिनेछ ।

४. जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगतरुपमासंचालन गरिनेछ । ८० वर्ष भन्दामाथिका जेष्ठ नागरिकहरुको घरमैस्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

आदरणीय महानुभावहरु,

अब मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट बिनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

क) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सामाजिक सुरक्षा बाहेक रु. ४० करोड ४१ लाख ९९ हजारको कुल बजेट तर्जुमा गरेको छु र यस मध्ये चालुगत खर्चतर्फ रु. २५ करोड २५ लाख ६९ हजार आठ सय चार पैसा सत्तरी र पूँजीगत खर्च तर्फ रु १५ करोड १६ लाख ३० हजार खर्चको अनुमान पेश गरेको छु।

(ख) सामाजिक सुरक्षा भत्ता तर्फ खर्च हुने १३ करोड ५० लाखको छुटै अनुमान प्रस्तुत गरेको छु ।

(ग) आगामी बर्षका लागि माथि अनुमान गरिएको खर्च बेहोर्ने श्रोतहरु मध्ये निम्नानुसारको श्रोतबाट निम्नानुसार बजेट प्राप्त हुने अनुमान पेश गरेको छु ।

(घ) यस महादेवा गाउँपालिका क्षेत्र भित्रका स्थानीय जनसमुदायहरुको लागि स्वास्थोपचार, म.स्वा.स्वयं. सेविकाको सुविधामा केही बृद्धि गरी, औषधी खरिद लगायत अन्य स्वास्थ्य सेवाका लागि स्वस्थ्य शाखा तर्फ रु ६०,००,०००।०० साठी लाख विनियोजन गरेको छु।

(ङ) त्यसै गरी यस महादेवा गाउँपालिका क्षेत्र भित्रका अपाङ्ग, बालबालिका, दलित, एकल महिला, विधवा, असहाय, ज्येष्ठ नागरीकहरुलाई तालीम लगायत संरक्षण एवं सम्बर्द्धनको लागि सामाजिक विकास शाखा तर्फ रु ४१,००,०००।०० एकचालिस लाख विनियोजन गरेको छु ।

(च) त्यसै गरी यस गाउँपालिका क्षेत्रभित्रका किसानहरुको लागि उन्नत जातका धान र गहुँको बिउ ५० प्रतिशत अनुदान लगायत हिउँदे तरकारी,बर्षे तरकारी, माछा भूरा,च्याउको बिउ लगायत ७५ प्रतिशत अनुदानमा फलफुलको बिरुवा वितरण जस्ता कार्यका लागि कृषि विकास शाखा तर्फ रु ३१,००,०००।०० एकतिस लाख विनियोजन गरेको छ ।

(छ) त्यसै गरी यस गाउँपालिकाको न्यायीक समितिको इजलास निर्माण,मेलमिलाप कर्ता छनौट, फर्निचर खरिद जस्ता कार्यको लागि न्यायीक समिति तर्फ रु २५,००,०००।०० पच्चिस लाख विनियोजन गरेको छ ।

(ज) त्यसै गरी व्यक्तिगत घटना दर्ता, राजश्व संकलन, वडा सचिवहरुको लागि कम्प्युटर सम्बन्धी तालीम लगायत कम्प्युटर खरिदका लागि पञ्जिकरण शाखा तर्फ रु १५,०५,०००।०० पन्ध्र लाख पाँच हजार विनियोजन गरेको छ ।

(झ) त्यसै गरी पशुहरुको लागि H.S.B.Q. खोप, रेविज रोगको भ्याक्सिन भण्डारको लागि फ्रिज तथा कुल बक्स खरिद, पशुहरुको बाँझोपन शिविर संचालन,कृत्रिम गर्भाधानको सिमेन खरिद तथा औषधी खरिदका लागि पशुपंक्षी विकास शाखा तर्फ रु १८००,०००।०० अठार लाख विनियोजन गरेको छ ।

(ञ) त्यसै गरी देश भरी सूचना प्रविधीमा आधारित भईरहेको अवस्थामा यस गाउँपालिकामा पनि सुचना प्रविधिलाई सुदृढिकरणका लागि संचार सेवा शुल्क,CCTV मर्मत,इन्टरनेट टावर मर्मत,इन्टरकम टेलीफोन जडान, वायोमेट्रिक हाजरी जस्ता कार्यका लागि सूचना प्रविधी शाखा तर्फ रु. २५,००,०००।०० पच्चिस लाख विनियोजन गरेको छ ।

(ट) त्यसै गरी यस महादेवा गाउँपालिका भित्रका दलित महिला, अतिविपन्न, विधवाहरुका लागि लघु उद्यम सम्बन्धी तालीम, नयाँ उद्यमी श्रृजना, लघु उद्यमीको स्तरोन्नती जस्ता कार्यका लागि लघु उद्यम विकास शाखा तर्फ ७,००,०००।०० सात लाख विनियोजन गरेको छ ।

(ठ) त्यसै गरी स्थानीय जनसमुदायहरुलाई आयुर्वेदको माध्यमबाट उपचारको कार्यालयको व्यवस्थापन,गाउँघर क्लिनीक, औषधी खरिद, निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर जस्ता कार्यका लागि आयुर्वेद औषधालय तर्फ १३,००,०००।०० तेह्र लाख विनियोजन गरेको छ ।

(ड) त्यसै गरी विद्यालय जाने उमेरका किशोरीहरु विद्यालय छाडेका अवस्थामा पुनः विद्यालय पठाउन रुपान्तरण कार्यक्रम संचालन गर्न नेपाल प्रजनन् स्याहार केन्द्रलाई रु ३,००,०००।०० तीन लाख विनियोजन गरेको छ ।

(ढ) त्यसै गरी यस गाउँपालिकाका लागि प्राप्त रकम मध्ये वडा स्तरीय विकास निर्माणका योजना संचालन गर्न सम्पूर्ण वडाहरुका लागि रु ५० लाखका दरले र गा.पा.स्तरीय योजना संचालन गर्न एक करोड बीस लाख विनियोजन गरेको छ ।

(ण) त्यसै गरी यस गाउँपालिका भित्रका विद्यालयहरुमा परीक्षा, व्यवस्थापन,अनुगमन,तालीम,शैक्षिक क्यालेण्डर, वाल विकास शिक्षकलाई तलब, अवकाश प्राप्त शिक्षक तथा विद्यार्थी सम्मान जस्ता कार्यका लागि ५९ लाख विनियोजन गरेको छ।

अगामी आ.व. २०७९/०८० मा यस महादेवा गाउँपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट तपशिल बमोजिमको अनुदान रकम प्राप्त हुने अनुमान गरिएको छ ।

तपशिल:

१. संघीय सरकार बितिय सामानीकरण.. रु. ११ करोड ८३ लाख

२. संघीय सरकार राजश्व बाँडफाड..रु .८ करोड ८८ हजार

३. संघीय सरकार शशर्त अनुदान ...रु. १३ करोड ६७ लाख

४. संघिय सरकार सशर्त पुँजीगत........रु २ करोड

५. संघिय सरकार सम्पुरक अनुदान (पुँजीगत खर्च)....रु १ करोड ५० लाख

६. प्रदेश सरकार बितिय सामानिकरण ... रु. ८३ लाख ३० हजार

७. प्रदेश सरकार राजश्व बाडफाड.....रु. २७ लाख ८१ हजार

८. प्रदेश सरकार बिषेश अनुदान रु. ३० लाख

९. प्रदेश सरकार समपुरक अनुदान रु. २० लाख

१०. आन्तरिक आम्दानी..........................रु. ५० लाख

११. संचितकोष मौज्दात ......................रु. १ करोड ३० लाख

जम्मा रु.४० करोड ४१ लाख ९९ हजार मात्र

आदरणिय महानुभावहरु,

म यस महादेवा गाउँपालिकाको दोश्रो स्थानीय सरकारको प्रतिनिधीत्व गर्दैछु ।साँच्चै भन्नु हुन्छ भने आजको मेरो यो ओहदाको प्राप्तीको श्रेय तपाईहरु सम्पूर्ण महादेवा गाउँपालिका बासीलाई जान्छ । तपाईहरुको सेवामा म समेत यस महादेवा गाउँपालिकाका पदाधिकारीहरु सदा तत्पर रहने संकल्प गर्दछु । यस अघिका महादेवा गाउँपालिकाका स्थानीय सरकारको प्रतिनिधीत्व गर्नेहरुले के गरे के गरेनन् त्यस बारेमा तपाईहरुले विचार गर्नु भएकै छ । तत् सन्दर्भमा मैले धेरै बोल्नु भन्दा गरेर देखाउने छु । महादेवा गाउँपालिकालाई परिवर्तन गर्न अठोट लिएको छु । शुरुवात पनि म स्वयंबाट गर्दैछु ।अतः तपाईहरुसँग मेरो हार्दिक अपिल छ, तपाईहरु मलाई प्रत्यक्ष सल्लाह र सुझावहरु दिनुस, त्यसको सम्मान गरी म मैले लिएको "सबैको साथ सबैको विकास र महादेवा गाउँपालिकाको समृद्धिको आधार" नारालाई साकार पार्न सकुँ ।

आदरणीय जनसमुदाय म सदा तपाईहरुको अमुल्य सल्लाह सुझावको सम्मान गर्दै आफ्नो कार्यपथलाई अघि बढाउने छु । जसरी म तपाईहरुको प्रतिनिधीत्व गर्दैछु । तपाईहरुको बिचारहरुले पनि यस महादेवा गाउँपालिकालाई प्रतिनिधीत्व गरीरहेको अनुभूति तपाईहरुले गर्नु हुनेछ ।यो मेरो पहिलो प्रतिबद्धता हो ।

अन्तमा,यो वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत लगायत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाँउसभा सदस्यज्युहरु, गाँउपालिकाका सम्पुर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

त्यसैगरी हाम्रो आमन्त्रणलाई स्वीकार गरेर महत्वपुर्ण सल्लाह सुझावका लागि उपस्थित हुनु भएका हाम्रा प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि र सम्पुर्ण महादेवा गाउँबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु र आगामी आर्थिक बर्षका लागि पेस भएको बजेट नीति कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक बिधेयक, बिनियोजन बिधेयक उपर सघन छलफल गरि पारित गरिदिनु हुनेछ भन्ने बिश्वासकासाथ बिदा चाहन्छु ।

धन्यवाद ।